जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY




कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।



**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com



बर्षः १२, अंकः १४३ पृष्ठः ४ | २०८२ असोज ०७ गते मंगलबार (Tuesday 23 Sept. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## आँगनबाटै १५ वर्षीय बालकको ‘अपहरण’, मागियो ५ करोड फिरौती

सिरहा, ६ असोज। सिरहाको गोलबजार नगरपालिका–१३ डंग्राहा गाउँका १५ वर्षीय बालक अभिषेक सिंह अपहरणमा परेको भन्दै परिवारजनले इलाका प्रहरी कार्यालय गोलबजारमा निवेदन दिएका छन्। असोज ५ गते राति ८:३० बजे खाना खाएर घर बाहिर आँगनमा निस्किएका अभिषेक बेपत्ता भए। अभिषेककी आमा, बाजे र बज्यैले रातभरी गाउँ चहारे तर बालक अभिषेक भेटिएनन्।

असोज ६ गते बिहान ८ बजे अभिषेककै इमो आईडीबाट उनकी आमाको इमो आईडीमा ५ करोड फिरौती दिनु भन्ने लिखित सन्देश आएपछि अभिषेकको अपहरण भएको लख काटियो। फिरौती माग गरिएको इमो सन्देशमा अंक र अक्षर दुवैमा ५ करोड उल्लेख गरिएको छ।

अभिषेकका बुवा सञ्जय सिंहको ७ वर्षअघि करेण्ट लागेर मृत्यु भएको र अभिषेक सिंह परिवारको एक मात्र वारिस भएको वृद्धवयका बाजे लक्ष्मण सिंहले बताए। नाति अपहरणमा परेको थाहा पाएर बिलखबन्दमा परेका बाजे लक्ष्मण सिंह र बालककी आमाले असोज ६ गते मध्याह्नमा आएर इलाका प्रहरी कार्यालय गोलबजारमा लिखित जाहेरी दिएका छन्।

बालक अपहरणको सूचना पाएपछि प्रहरी अनुसन्धान, खोजतलास र उद्धारका लागि सक्रिय भएको छ। प्रहरी निरीक्षक गोविन्द साहले अनुसन्धान र खोजतलास सुरु गरिएको बताए। हराइरहेका बालक जनता माध्यमिक विद्यालय बलहीमा ७ कक्षामा पढ्दापढ्दै पढाइ छाडेको र आफ्नै स्वामित्वमा रहेको सिटी रिक्सा तथा

**–बाँकी तीन पेजमा**

## सिरहामा राष्ट्रिय परिचयपत्र वितरण सुरु, राहदानी सेवा अझै बन्द

सिरहा, ६ असोज। जेनजी पुस्ताको प्रदर्शनका क्रममा तोडफोड भएपछि ठप्प भएको इलाका प्रशासन कार्यालय लहानको सेवा क्रमशः सञ्चालन हुँदै गएको छ। कार्यालयले आइतबारदेखि राष्ट्रिय परिचयपत्र वितरण सेवा पुनः सुरु गरेको छ। कार्यालयका प्रमुख वेदनिधि खनालका अनुसार प्रदर्शनकारीहरूले लुटेर लगेको क्यामेरा फिर्ता भएकाले राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा पुनः सञ्चालनमा ल्याइएको हो। तर, राहदानी सेवा भने अझै सुरु हुन सकेको छैन। प्रदर्शनका क्रममा राहदानी सेवाको ‘स्क्यानर मेसिन’ र क्यामेरा फुटाइएकाले वैकल्पिक व्यवस्था नहुँदासम्म राहदानी सेवा बन्द नै रहने कार्यालयले जनाएको छ।

‘केही दिनमा नै काठमाडौँबाट नयाँ उपकरण आउनेछ, त्यसपछि राहदानी सेवा पनि सुरु गर्नेछौँ,’ प्रमुख खनालले बताए। यसअघि, कार्यालयले असोज १ गतेदेखि नागरिकता वितरण सेवा पुनः सुरु गरिसकेको थियो। सेवा सञ्चालन गर्न कार्यालय मर्मत–सम्भारको काम समेत क्रमशः अगाडि बढाइरहेको छ। प्रमुख खनालका अनुसार आन्दोलनका क्रममा कार्यालयमा आगजनी हुन नदिए पनि तोडफोडका कारण करिब रु १५ लाख बराबरको क्षति पुगेको छ।

## तीन सय क्वीन्टल खाद्यान्न फिर्ता



सिरहा, ६ असोज। जेनजी प्रदर्शनका क्रममा यहाँको लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटिएको खाद्यान्नमध्ये ३०० क्वीन्टल चामल र चिनी फिर्ता भएको छ। लहान नगरपालिका–१ स्थित सो गोदाममा भदौ २४ गते भएको लुटपाटमा चामल, चिनी, धान, जुटका बोरा र कार्यालय सामग्रीसमेत लुटिएको थियो। कार्यालयका अनुसार, लुटिएको कुल खाद्यान्नमध्ये हालसम्म २९३ क्वीन्टल ४३ किलो चामल र सात क्वीन्टल ८४ किलो चिनी फिर्ता भएको छ।

खाद्य कम्पनी लहान शाखाका प्रमुख दीपक सुनारले फिर्ता गरिएका खाद्यान्न इलाका प्रशासन कार्यालय, इलाका प्रहरी तथा स्थानीय युवाको सहयोगमा संकलन गरिएको जानकारी दिनुभयो। त्यसैगरी स्टिल दराज छ थान, सोफा दुई थान, काठको खाट एक थान, कुर्सी दुई थान, घुम्ने कुर्सी एक थान र त्रिपाल एक थान सामग्री पनि फिर्ता भएको उहाँले जानकारी दिनुभयो।

चार वटा गोदामबाट लुटिएको सम्पूर्ण सामग्रीमध्ये आठ हजार १४८ क्वीन्टल चामल, तीन हजार २२० क्वीन्टल चिनी, ५३ क्वीन्टल

**–बाँकी तीन पेजमा**





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812



## रेविज: तथ्य बुझौं, त्रसित नहोऔं।

रेविजः कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो।

**यसबाट बच्नः**

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,
- रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# विध्वंस प्रभावित व्यावसायिक प्रतिष्ठानलाई सहुलियत

मन्त्रिपरिषद्ले जेन–जी आन्दोलनका क्रममा भएको विध्वंसबाट क्षतिग्रस्त औद्योगिक एवं व्यावसायिक प्रतिष्ठानहरूलाई तत्काल पुनरुत्थानमा सहयोग गर्न आर्थिक सहुलियतका केही निर्णय सार्वजनिक गरेको छ। निजी क्षेत्रको मनोबल उकास्न सहयोग पुग्ने सरकारको यो निर्णय सकारात्मक र सराहनीय देखिन्छ। नेपालका प्रमुख उद्योगी व्यवसायीका व्यावसायिक प्रतिष्ठानदेखि निजी निवाससम्म लक्षित गरी गरिएको विध्वंस सम्भवतः नेपालको इतिहासमै निजी सम्पत्तिको सबैभन्दा ठूलो क्षति हो। हुनत, सार्वजनिक सम्पत्तिमा पनि यसपटकको आन्दोलनमा जति क्षति यसभन्दा पहिले कहिल्यै भएको थिएन। पुनरुत्थानका लागि सहयोग पुग्नेगरी गरेको निर्यण सकारात्मक छ।

सार्वजनिक गरिएको जानकारीअनुसार प्रत्यक्ष अनुदानभन्दा पनि सरकारले पुनःनिर्माणका लागि आयात गरिने सामग्रीको भन्सारमा केही छुट दिने, बिमा कम्पनीहरूले क्षतिको ५० प्रतिशत अग्रीम भुक्तानी दिने र बैंकहरूले कर्जा भुक्तानी समय थप गर्नेजस्ता सहुलियत दिइनेछ। यस्तै, क्षतिग्रस्त प्रतिष्ठानमा कार्यरत कर्मचारीको जागिर निरन्तर राख्न चाहनेहरूलाई पनि सहुलियत कर्जाको व्यवस्था हुनेछ। मन्त्रिपरिषद्का यी निर्णयहरूले पक्कै पनि विध्वंसबाट अकल्पनीय क्षति भोगेका उद्यमी व्यवसायीको मनोबल सुदृढ गर्न पक्कै सहयोग पुग्नेछ। साथै, धुलो टकटक्याएर उठ्नेन् उनीहरूको अठोटमा थोरै भए पनि भरथेग हुनेछ। आन्दोलनपछि बनेको सरकार निजी क्षेत्रप्रति यति उदार र संवेदनशील हुनु सकारात्मक संकेत हो।

नेपालमा जनताले भोग्ने समस्या भने नीतिगत कारणले भन्दा पनि कार्यान्वयनमा हुने रकमी ढिलासुस्ती र अड्को थाप्ने कारिन्दा प्रवृत्तिसँग बढी सम्बन्धित हुन्छ। जेन–जी आन्दोलनपछि पनि कारिन्दाको रकमी प्रवृत्तिको सुधार त भएको छैन। यसैले राज्यले निजी प्रतिष्ठानहरूलाई उपलब्ध गराएको सुविधा पाउन पनि सहज भने नहुनसक्छ। व्यवसायीहरू राज्यले दिएको भन्सार छुट वा सहुलियत कर्जाजस्ता सुविधा उपयोग गर्न टेबलमुनिको अर्थतन्त्रन्को भर पर्नुपर्ने भयो भने अहिले बलियो भएको मनोबल पुनः गिर्नेछ। निजी सम्पत्तिमा लुटपाट र आगजनी हुँदा पनि सुरक्षाकर्मीका साथै दमकलसमेत नआउने अवस्थाले राज्यप्रतिको विश्वास यसै खण्डित भएको छ। त्यसमाथि सरकारले दिएको सहुलियत पाउन पनि थप सास्ती भोग्नु परेमा के होला ?

अहिलेका अर्थमन्त्री रामेश्वर खनाल पूर्वसचिव पनि भएकाले नेपालको कर्मचारीतन्त्रको स्वभाव र प्रवृत्तिका सम्बन्धमा पूर्ण जानकार छन्। धुलो टकटक्याएर उठ्नेन् अठोट गरेका व्यवसायीको आत्मविश्वासमा चोट नलाग्ने प्रबन्ध मिलाई त्यसको निकट निगरानी गर्नुपर्छ भन्ने अर्थमन्त्री खनाललाई पक्कै थाहा छ। आशा गरौँ, राज्यले दिने सहुलियत सहजरूपमा प्रभावित व्यवसायीले पाउने सुनिश्चित् गर्न अर्थमन्त्री खनाल स्वयं सजग पनि हुनेछन्।

# गोठालो बदलिँदैमा केही हुँदैन, बथान उस्तै रहेसम्म

**डा. निर्मल कँडेल**

नेपालको राजनीति पछिल्ला दुई दशकमा निरन्तर हलचल भइरहेको छ। २०६२/६३ को जनआन्दोलनले राजतन्त्र ढाल्यो, गणतन्त्र ल्यायो, धर्मनिरपेक्षता घोषणा गर्‍यो, संविधानमा समावेशी अधिकार सुनिश्चित गर्‍यो र संघीयता स्थापित गर्‍यो। ती उपलब्धि जनयुद्ध र पुराना दलहरूको सम्झौताको नतिजा हो। तर समयसँगै तिनै दल र नेताहरू सत्ताको मोह, भ्रष्टाचार, नातावाद र अनियमिततामा गहिरिँदै गइरहेका छन्। फलस्वरुप जेनजीहरुले भ्रष्टाचारविरुद्ध आन्दोलन नै गर्नुपर्‍यो। आन्दोलनमा भएको ज्यादतीले कोही सहिद भए भने कसैले यसको फाइदा लिँदै देश नै ध्वस्त पार्ने र संविधानमा आँच पुर्‍याउने चेष्टा पनि गरेको देखियो। आन्दोलनमा घुसपैठ गर्दै विश्वंस गर्ने खेलाडी को–को हुन् भन्ने अवश्य पनि थाहा हुने नै छ।

पुराना दलहरूले दशकौँसम्म शासन गरेर निराश पारेपछि पछिल्लो स्थानीय र आम निर्वाचनमा मतदाताले केही नयाँ दल र अनुहारहरुलाई ठुलै अवसर दिए। तर नयाँ भनिएका अनुहारहरूले पनि पुरानै चाल दोहोर्‍याउँदा जनतामा असन्तुष्टि उस्तै रह्यो।

गोठालो बदलियो, तर बथान उस्तै रहेपछि नतिजा उस्तै रह्यो। आम निर्वाचनको तथ्यांक : जनताको असन्तोष र आशा, २०७९ को आम निर्वाचनको तथ्यांकले जनताको सोच प्रष्ट देखाउँछ। पुराना तीन ठुला दलहरूले करिब ७१ प्रतिशत मत पाए र करिब १९६ सिट जिते। नयाँ दलहरू र केही स्वतन्त्रले करिब १२ प्रतिशत मत ल्याएर करिब ३२ सिट जिते। यसले देखाउँछ जनताले पुरानाप्रति गहिरो असन्तुष्टि व्यक्त गर्दै नयाँ दललाई विश्वास गरे। तर समस्या के भयो भने जनताले नेताको विचार वा नीतिभन्दा बढी अनुहार र भावनामा भरोसा गरे। आजको अवस्थामा पनि त्यही नै भइरहेको हामी देखिरहेका छौँ।

**पदमै मोह**

चुनावपछि नयाँ दलका नेताहरू मन्त्री पदको खोजीमै लागे। चुनावअघि उनीहरूले भनेका थिए 'हामी सत्ताभन्दा बाहिर बसेर पनि काम गर्छौं।' तर संसद्मा पुगेपछि वा मौका पाइएमा पहिलो प्राथमिकता मन्त्री पद र दमदार मन्त्रालय पाउनु नै रह्यो। सत्ता गठबन्धनमा उनीहरूको भूमिका बढ्न थाल्यो। आज यो सरकार गिराउन मत दिने, भोलि अर्को बनाउन समर्थन गर्ने। यही व्यवहार पुराना दलमा दशकौँदेखि देखिएको थियो। गोठालो बदलियो, तर बथानको चाहना पुरानै थियो– कुर्सीमा पुग्नेहरूलाई ढालेर अर्कोलाई कुर्सीमा बसाउने।

**विवादित नयाँ**

२०८० माघमा सर्वोच्च अदालतले एक नयाँ दलका एक प्रमुख नेतालाई सांसद र मन्त्री दुवै पदबाट हटायो। कारण विदेशी नागरिकता त्यागेको विधि पूरा नगरी नेपाली नागरिकता लिएर चुनाव लडेको। यसले के देखायो भने जनताले 'सफा राजनीति' गर्ने भनेर मत दिएको व्यक्तिले नै कानुनी वैधानिकताको मापदण्ड पूरा गर्न सकेन। दोहोरो राहदानीको विवाद यथावत् छ भने अर्कोतिर केही नेताहरुको ग्रीनकार्डवाला मसला मिडियाले पाइरहन्छन्। यस्ता व्यवहारहरु पुरानामा पनि यथावत् छ। मानव तस्करीका साथै केही भिसा सिफारिस पुरानाले गर्दै आएका थिए। अहिले नयाँ नेताहरू पनि केही कम छैनन्। यसरी कानुनी वैधानिकता र पारदर्शितामा नयाँ भनिएका नेताहरू पुरानासँग फरक देखिएनन्। आलोचना गर्नेहरूलाई गाली, प्रश्न उठाउनेलाई देशद्रोही, अनि नेताको पूजा। यो त पुराना दलका कार्यकर्ताले वर्षौंदेखि गर्दै आएका थिए। अहिले नै सञ्जाल खोल्नुहोस, नयाँहरुको पोस्टहरु भत्काउने, जलाउने वा सिध्याउने बाहेक केही हुँदैन। नतिजा, सार्वजनिक सम्पत्ति ध्वस्त पारेको र लुटेको दृश्य विगतमा भन्दा हजारौं गुणा बढी देखियो।

नेपालमा सहकारी ठगीको लामो इतिहास छ र पुरानै दलका धेरै त्यसमा सम्बन्धित छन्। केही कारबाहीमा वा अनुसन्धानमा परेक छन् भने कोही कसैको आशीर्वादले बचेका पनि छन्। अहिले नयाँ दलका नेता पनि सहकारी ठगी प्रकरणमै अनुसन्धानको दायरामा परेका छन्। नयाँ होस् वा पुरानो जनता ठग्ने काम यथावत् छ। तिनका समर्थक जनताले यसलाई गम्भीरतापूर्वक लिएका भए पार्टीलाई आन्तरिक सुधार गर्न बाध्य पारिन्थ्यो। तर बथानले नयाँ वा पुराना गोठालोहरूलाई ढाकछोप गरिरहन्छन्। पुराना दलका नेताहरू विमान खरिद घोटाला, विभिन्न जग्गा प्रकरण, नक्कली शरणार्थी काण्ड, ठेक्का–व्यापारमा संलग्नता, यौन दुर्व्यवहार प्रकरण आदिमा फस्दै आएका छन्।

त्यस्तै नयाँ दलकै एक सांसद अडियोमा व्यापारीसँग २ करोड मागेको भन्दै फसे। अन्ततः उनको सांसद पद निलम्बन भए। पोखराको लिची बगानसँग सम्बन्धित जग्गा घोटालामा संलग्न भएको अर्को अडियो सार्वजनिक भयो नयाँ दलकै नेताको। अर्को काठ तस्करीसँग सम्बन्धित अडियो बाहिरिएपछि वा बजेट अनियमितताको आरोपपछि कसैको राजीनामा आयो वा पदमुक्त भयो। जेनजीको प्रदर्शनमा देखिएको लुटपाट र विध्वंसको त कुरै गर्न पर्दैन, प्रहरीले केही दिनमा लाखौं सूचना प्राप्त गर्नेछन्। यसले प्रष्ट के देखाउँछ भने नयाँहरुभित्र पनि पुरानै रोग छ। थोरै सिट भएका नयाँ दलहरू वा स्वतन्त्र समूहमा पनि आन्तरिक फुट, पैसाको विवाद, पदको मोह र सम्राट बन्न चाहना उस्तै देखियो। यसरी नयाँको नेतृत्व नै वैधानिकता, पारदर्शिता र आर्थिक अनुशासनका गम्भीर प्रश्नमा अल्झिएको छ। तर बथानले फेरि मौन समर्थन गरिरहन्छ।

**सामाजिक सञ्जालमा अन्धभक्तिको बथान**

नयाँ दलहरु वा समूहको सबैभन्दा ठुलो हतियार सामाजिक सञ्जाल बन्यो। भदौको जेनजीको आन्दोलन गर्ने, गराउने र पछि विध्वंस मच्चाउन सामाजिक सञ्जालको भरपुर प्रयोग मात्र भएको छैन, अन्तरिम सरकारको छनोट पनि डिसकर्डबाट भएको छ। सरकारको नेतृत्व छनोटका लागि अपनाइएको यो विधिलाई राम्रै मान्नुपर्छ। यसले देखाउँछ सन्देश पुर्‍याउने शक्ति नयाँ दल वा समूहसँग छ। तर समस्या के भयो भने यो शक्ति नीतिगत बहसमा होइन, जनताका भावनासँग खेल्न, नाराबाजी, चरित्र हत्या र भिडन्तमा मात्रै खर्चियो। साथै, भदौ २४ गते देशको सम्पत्ति ध्वस्त पार्न समेत प्रयोग भयो भन्नु गलत हुँदैन। समर्थकहरूको व्यवहार पुरानै बथानजस्तै रह्यो। नेताको गल्ती छोप्ने, आलोचकलाई गाली गर्ने, आँखा बन्द गरेर समर्थन गर्ने।

**विचारविहीन राजनीति**

पुराना दलहरूले कम्तीमा विचार बोकेका थिए– समाजवाद, उदार लोकतन्त्र, जनवाद, गणतन्त्र, समावेशी, धर्म निरपेक्षता। अभ्यासमा धेरै धोका भए पनि ढाँचा थियो र केही उपलब्धि पनि छन्। नयाँ पुस्ताका नेताहरूको वैचारिक अस्पष्टता झन् गम्भीर समस्या हो। एक सांसदले खुलेरै भने– 'हामी कहिलेकाहीं दायाँ, कहिलेकाहीं बाँया हुन्छौं।' यसले उनीहरूको स्पष्ट नीति–दिशा नभएको देखाउँछ। सांसद पदबाट कोही राजीनामा गर्छन्, अर्को दिन संसद् विघटनको विरोध गर्छन् भने अर्कोथरी सिंहदरबार जलाएर संसद विघटन गरेर र सेनालाई जिम्मा लगाउन चाहन्छन्। जनताको पीडा, मूल्यवृद्धि, युवाको विदेश पलायन, भ्रष्टाचारका मुद्दा उनीहरूले उठाउँछन्। तर आफ्नै नेतामाथि प्रश्न उठ्दा मौन बस्छन्।

विरोधको शैलीमा नयाँले पनि पुराना दल झैं आन्दोलनलाई हिंसामा धकेलेर देशलाई ध्वंस पार्ने प्रयास गरेको देखियो। यसले उनीहरूको व्यवहार पनि पुरानाकै जस्तै 'गोठालो राख्ने' प्रवृत्तिबाट फरक छैन भन्ने देखाउँछ। जब बथानलाई दिशा थाहा छैन, गोठालोले पनि दिशा दिन खोज्दैन। हिजोआजका घटनाक्रम त्यसको ज्वलन्त उदाहरण हो।

**अस्वीकार्यलाई सामान्य बनाउने प्रवृत्ति**

नेपालको राजनीतिमा अस्वीकार्य कुरालाई सामान्य बनाउने संस्कार गहिरो छ। यौन दुर्व्यवहारमा फसेका नेताहरू पुनः राजनीतिमा फर्किन्छन्। जहाज खरिद, नक्कली शरणार्थी प्रकरणदेखि भिजिट भिसा काण्डहरु आए, तर दोषीले सजाय पाएन। नयाँ दलले पनि आफ्ना मान्छे बचाउनमै जोड दियो। जलाउन लगाउने वा हत्या गर्ने सबैलाई पौरखी काम मानिन थाल्यो। जब बथान मौन बस्छ, गोठालोलाई अनियमितता सामान्य बनाउन सजिलो हुन्छ।

**सत्ता र अनियमितताको निरन्तरता**

सत्ता बाँडफाँडमा पुराना दल आलोचित छन्। तर नयाँ दलले पनि छिट्टै त्यही बाटो समाते। मन्त्री पदको मोह, मन्त्रालय बाँडफाँडमा प्राथमिकता, घोटाला सतहमा आउँदा 'षड्यन्त्र' भन्ने पुरानै संवाद। नातावाद वा कृपावाद र कसको मान्छे। सहकारी, राहदानी, जग्गा कारोबार, सांसदको अडियो वा भर्खर बन्दै गरेको मण्डलको भागबण्डा, यी सबै प्रकरणमा नयाँ दल वा समूहको शैली पुरानोकै जस्तो देखियो। नेपाल मात्र होइन, छिमेकी मुलुकमा पनि उस्तै समस्या छ। भारतमा आम आदमी पार्टीले दिल्लीमा नयाँ आशा जगायो, तर भ्रष्टाचारका मुद्दा आयो। श्रीलंकामा नयाँ शक्तिले आन्दोलनमार्फत सरकार ढाल्यो, तर नेतृत्वमा पुग्दा पुरानै प्रवृत्ति देखियो।

पाकिस्तानमा नयाँ विकल्प उदायो, तर सत्तामा पुगेपछि गठबन्धन, शक्ति खेल र संस्थागत विवादमै अल्झिए। नेपाल पनि त्यही दिशामा त होइन ? समग्रमा, गोठालो बदल्नु मात्रै पर्याप्त हुँदैन, बथान नबदलेसम्म कहानी उस्तै रहन्छ। यसको समाधान बथान आफैँ बदलिए मात्रै गोठालो बदलिन्छ। समस्या नेतामा मात्र होइन, जनतामा पनि छ। (डा. कँडेल जेनेभामा कार्यरत मेडिकल एपिडेमियोलोजिस्ट तथा मानवशास्त्री हुन्। यी विचार लेखकका नितान्त व्यक्तिगत हुन्।) रातोपाटीबाट

# स्वास्थ्य मन्त्री बन्न राजीनामा : न मन्त्री, न अतिरिक्त सचिव !



**माया श्रेष्ठ**

काठमाडौँ, ६ असोज। आइतबार बिहानैदेखि प्रधानमन्त्री सुशीला कार्कीको मन्त्रिपरिषद्मा थपिने पाँच जना मन्त्रीको नाम चर्चामा रह्यो, जहाँ डा. संगीता कौसल मिश्राको पनि नाम थियो। तर सोमबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा महावीर पुन, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमिसुधार र कानुन तथा न्याय मन्त्रीमा पूर्वन्यायाधीश अनिलकुमार सिन्हा, कृषि मन्त्रीमा डा. मदन परियार र सञ्चार, सूचना तथा प्रविधि मन्त्रीमा जगदीश खरेल मन्त्री हुन सके। मिश्राको नाम आएन।

आइतबार साँझ नै प्रधानमन्त्री कार्कीले पाँच जना मन्त्रीको नाम राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेकी थिइन्। सिफारिस भएका मन्त्रीहरूको सपथ आइतबार अबेर राति नै गर्ने तयारी

**–बाँकी तीन पेजमा**

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कल्याणपुर, सिरहा
**मधेश प्रदेश, नेपाल**

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०७ गते**

१. यस कल्याणपुर नगरपालिकाको नगरसभाबाट पारित तालिम/कार्यक्रम तथा अन्य कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ।
२. मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाहरूले निवेदन पेश गरी तालिम/कार्यक्रमहरूको कार्यक्षेत्र शर्त र प्रस्तावको ढाँचा यस कल्याणपुर नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सक्नेछन्।
३. प्रस्तावसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरूः कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, कम्पनी/संस्था दर्ता प्रमाणपत्र, अन्य आवश्यक कागजात।
४. सूचनामा स्पष्ट रूपमा उल्लेख नभएका कुराहरू खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम हुनेछन्।
५. विनियोजन बजेट सम्बन्धित कार्यक्रम/तालिमको कार्यक्षेत्रशर्त बमोजिम हुनेछन्।
६. भुक्तानीका शर्त र कर कट्टी नियमानुसार बमोजिम हुनेछन्।
७. पेश भएका प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्षेत्र शर्त र प्रस्तावका ढाँचा प्राप्त गर्ने अन्तिम मिति र समय | प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान | प्रस्ताव खोलिने मिति र स्थान |
|---|---|---|---|---|---|
| १ | ब्युटिसियन तालिम | कार्य क्षेत्र शर्त बमोजिम | मितिः २०८२-०६-२१, कार्यालय समयभित्र | मितिः २०८२-०६-२२, दिउँसो १२ बजे | मितिः २०८२-०६-२२, दिउँसो १ बजे |
| २ | सिलाईकटाई सम्बन्धि तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ३ | चुरीलहठी बनाउने तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ४ | महिलाहरूको लागि क्रिष्टलको गहना बनाउने सिपमुलक तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ५ | दालमोट बनाउने तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ६ | स्यानिटरी प्याड बनाउने तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ७ | अपांगहरूको जीवन उपयोगी सम्बन्धि तालिम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ८ | घरेलुहिंशा सम्बन्धि जनचेतना मुलक सडक नाटक | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ९ | सरसफाई सम्बन्धि जनचेतना मुलक सडक नाटक कार्यक्रम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| १० | सामाजिक संजाल दुरुपयोग नियन्त्रण सम्बन्धि सचेतनामुलक सडक नाटक | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| ११ | मानव वेचविखन तथा चेलीबेटी तस्करी नियन्त्रण सम्बन्धि जनचेतनामुलक सडक नाटक | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| १२ | बालश्रम रोकथाम सम्बन्धि जनचेतनामुलक सडक नाटक कार्यक्रम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| १३ | बाढी भूकम्प डुवान पहिरो सम्बन्धि सचेतनामुलक कार्यक्रम | कार्य क्षेत्र शर्त बमोजिम | | | |
| १४ | समाजमा बढदो आत्महत्या न्यूनीकरण सम्बन्धि सचेतनामुलक सडक नाटक कार्यक्रम | कार्य क्षेत्र शर्त बमोजिम | | | |

**-प्रमुख प्रशासकीय अधिकृत**

### *स्वास्थ्य मन्त्री...*

गरिए पनि एकाएक रोकियो। सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गाडी डा. मिश्रालाई लिन पठाइएको थियो, तर उनको नाम विवादमा आएपछि त्यसलाई ‘होल्ड’ गरियो। सोमबार सपथका लागि डा. मिश्रालाई लिन गएको गाडी रित्तै फर्कियो, अन्तिममा आएर डा. मिश्राको नाम काटियो।

मेडिकल उपकरण खरिदलगायत फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानबिनकै क्रममा रहेकाले स्वास्थ्य मन्त्रीमा सिफारिस भए पनि डा. मिश्राको नाम काटिएको स्रोत बताउँछ। यस्तै, स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा उनले गरेका कतिपय निर्णयमाथि परेका उजुरी विचाराधीन छन्। उनीमाथि स्वास्थ्य उपकरण आपूर्तिकर्ताको स्वार्थमा काम गरेको आरोप लगाइएको छ। त्यस्तै उनी स्वास्थ्य सचिव नियुक्तिको विषयलाई लिएर असन्तुष्ट भई ६ महिनाभन्दा लामो समय मन्त्रालयमा हाजिर भएकी थिइनन्।

१२औँ तहकी अतिरिक्त सचिव डा. मिश्रा जेनजी आन्दोलनका कारण सरकार ढलेसँगै स्वास्थ्य मन्त्रीबाट प्रदीप पौडेल हटेपछि मन्त्रालयमा हाजिर भएकी थिइन्। फागुन २१ मा स्वास्थ्य मन्त्रालयका सचिवमा डा. विकास देवकोटालाई ‘वरिष्ठता मिचेर’ नियुक्त गरेपछि डा. मिश्रा निरन्तर बिदा थप्दै बसेकी थिइन्। मिश्राले स्वास्थ्य सचिवमा डा. देवकोटालाई नियुक्त गर्ने निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत दायर गरेकी थिइन्। त्यस्तै ११औँ तहमा नियुक्ति हुने बेलामा लोकसेवा आयोगमा फर्जी विवरण पेस गरिएको आरोपसमेत उनले खेप्दै आएकी थिइन्।स्वास्थ्य मन्त्री बन्ने निश्चित भएपछि १२औँ तहको अतिरिक्त सचिव पदबाट उनले राजीनामा दिएकी थिइन्।

**गयो पद पनि !**

उता प्रशासनविद् काशीराज दाहालले एकपटक स्वीकृत भइसकेको राजीनामा अन्तिम हुने र यसले व्यक्तिलाई सोही पदमा फिर्ता हुनबाट रोक्ने बताउँछन्। ‘कुनै व्यक्तिलाई मन्त्री पदमा मनोनयन भएपछि औपचारिक घोषणा वा सपथ ग्रहण गर्नुअघि नै अघिल्लो पदबाट राजीनामा दिनुपर्छ भन्ने कडा नियम छैन। तर, व्यक्तिले एकै समयमा दुई वटा बाभिने पदहरू धारण गर्न सक्दैन,’ प्रशासनविद् दाहालले भने।

एकपटक राजीनामा पेस भई औपचारिक रूपमा स्वीकृत भएपछि यसले पदको स्वैच्छिक परित्याग जनाउने भएकाले त्यसलाई फिर्ता लिन वा उल्ट्याउन नसकिने उनले प्रस्ट्याए। ‘डा. मिश्राको अतिरिक्त सचिवको पदबाट दिइएको राजीनामा स्वीकृत भइसकेकाले उनी कानुनी रूपमा सोही विशिष्ट पदमा फर्कन मिल्दैन, उनको अघिल्लो रोजगारी निश्चित रूपमा समाप्त भएको मानिन्छ,’ उनले भने, ‘यद्यपि यसले उनलाई भविष्यमा अन्य सम्भावित नियुक्तिहरूका लागि अवसर आएमा रोक्दैन।’

मिश्राले अतिरिक्त सचिवभन्दा अघि स्वास्थ्य सेवा विभागको महानिर्देशक, समन्वय महाशाखा, स्त्री तथा परोपकार प्रसूति रोग अस्पताल र कोशी अस्पतालको निर्देशकका रूपमा काम गरिसकेकी छन्। २०५७ सालमा सेवा प्रवेश गरे पनि एक वर्ष काम गरेर उनले जागिर छाडेकी थिइन्। पुनः २०७० सालमा ११औँ तहमा नाम निकालेर सेवा प्रवेश गरेकी थिइन्।

डा. मिश्रा क्षमतावान् हुनुका साथै चतुर रहेको स्वास्थ्य मन्त्रालयका एक अधिकारी बताउँछन्। भने, ‘स्वास्थ्य क्षेत्रमा भ्रष्टाचारको जालोलाई संरक्षण गर्न मन्त्रालयकै केही उच्च अधिकारी, केही कर्मचारी र पूर्वमन्त्रीहरू नै सुनियोजित तरिकाले उनलाई मन्त्री हुनबाट रोक्न लागिपरेका थिए र सफल पनि भए।’ ती अधिकारीले मिश्राले आफूमाथि उब्जिएका प्रश्नहरूलाई हल गरेर पुनः स्वास्थ्य क्षेत्र सुधारका लागि नेतृत्व लिन तयारीका साथ आउनुपर्ने बताए।

### *आँगनबाटै १५ ...*

ट्र्याक्टर चलाउने गरेको छिमेकीहरूले बताएका छन्।

बालक अभिषेकको अपहरणको खबर गोलबजार नगरपालिकामा डढेलोझैं फैलिएको छ। गोलबजार चोकदेखि ६ किलोमिटर दक्षिणमा रहेको डंग्राहा गाउँमा अपहरणको खबरले त्रास फैलिएको छ। स्थानीयहरू असुरक्षित महसूस गर्दैछन्। समाचार संकलन गर्न गएका पत्रकारहरूलाई समाचार नलेखिदिन परिवारजनले आग्रह गरेका छन्। समाचार लेखेकै कारण बालक अभिषेकको ज्यान झन् खतरामा पर्ने भयले परिवारजनले नाम र घटनाको नालीबेली बताउन चाहँदैनन्।

### *तीन सय क्वीन्टल...*

२१ किलो धान र ९८ हजार ८१५ थान जुटका बोरा रहेका थिए, जसको अनुमानित मूल्य करिब १० करोड ९१ लाख रुपैयाँभन्दा बढी रहेको प्रमुख सुनारले बताउनुभयो।

# २३६ किलो गाँजासहित एक जना पक्राउ



रौतहट, ६ असोज। बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजमा ठूलो मात्रामा गाँजा बोकेको मिनी ट्रक सहित चालक पक्राउ परेका छन्। शनिबार दिउँसो करिब १ बजेतिर अमलेखगंजस्थित प्रहरी चौकी अगाडि गरिएको चेकजाँचका क्रममा हेटौंडादेखि विरगञ्जतर्फ जाँदै गरेको बा २ ख ९५६९ नम्बरको मिनि ट्रक रोकि चेकजाँच गर्दा प्रहरीले गाँजा फेला पारेको हो। इलाका प्रहरी कार्यालय अमलेखगंजका बरिष्ठ सई धनप्रसाद श्रेष्ठको कमाण्डमा खटिएको टोलीले मिनि ट्रकको छतमाथि सिलिङमा फल्स बटम बनाई त्रिपालले छोपेर लुकाइछिपाइ गरिएको अवस्थामा प्रहरीले २८ पोका गाँजा फेला पारेको हो। उक्त गाँजा प्लास्टिकमा प्याक गरिएको र तौल गर्दा करिब २३६ किलो ७५० ग्राम रहेको पुष्टि गरिएको बारा प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले बताए। गाँजासहित मिनि ट्रक र ट्रक चालक मकवानपुर कैलाश गाउँपालिका वडा नम्बर १० बस्ने ३८ वर्षीय रमेश रुम्बालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। बरामद गाँजा, मिनि ट्रक र पक्राउ परेका चालकलाई इलाका प्रहरी कार्यालय अमलेखगंजमै राखिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# हुलाकी सडक निर्माणसँगै फेरिँदै जनजीवन, बढ्यो स्वरोगार



धीरेन्द्रप्रसाद साह

राजविराज, असोज ६ गते। पूर्व–पश्चिम हुलाकी राजमार्गमा पक्की सडक निर्माणले स्वरोजगार बढेको छ। तराई–मधेशको जीवन रेखा मानिने हुलाकी सडकको सिरहा जिल्लाको सिरहा बजारदेखि पूर्व सप्तरीको राजविराजसम्म पूर्ण रुपमा कालोपत्रे भएको छ। उक्त सडक खण्डको करिब ६० किलो मिटरसम्म कालोपत्र भएपछि दर्जनौ प्रकारका स्वरोजगारमुखीमा स्थानीयहरुले लागेका छन्।

नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजनामध्ये हुलाकी राजमार्गको स्तरोन्नती अन्तर्गत पक्की सडक (कालोपत्रे) बनेको कारण स्वरोजगार, व्यापार व्यासायीले वरिपरिवासीको जनजीवन फेरिन थालेको हो। सप्तरीका श्यामसुन्दर यादवका अनुसार प्रत्येक एक/दुई किलो मिटरको दुरीमा चौक बनेको छ। चोकमा चिया, नास्ता, मोबाइल, कपडा, पान, खाना पकाउने ग्यास, आइएमई, स्टेशनरी, श्रृगार लगायतको पसल खुलेका छन्। केही चौकमा राम्रो होटलहरु पनि सञ्चालनमा आएको भेटिन्छ। हाट बजार लाग्न थालेकोले कृषि उत्पादनको बिक्रीवितरण सहज भएको छ। माछा मासु, हरियो तरकारी, मदिराको बिक्री बढेको छ। ती स्थानहरुमा नीजि विद्यालय, औषधि पसल, किराना पसल पनि सञ्चालनमा रहेको भेटिन्छ।

यस्तै, विभिन्न सवारीसाधन पनि सञ्चालनमा ल्याएर रोजगार गरिरहेको इ–रिक्सा चालक गुणानन्द यादवले बताउनुभयो। उहाँले मानिसलाई आवतजावत गर्नुको साथै इ-रिक्सा, टेम्पो कुदाउन निकै सहज भएको बताउनुभयो। पर्याप्त संख्यामा युवाहरु इ–रिक्सा, टेम्पो सञ्चालन गरेर स्वरोजगारमा लाग्नुको साथै अन्य सवारीसाधनहरुलाई पनि सञ्चालनले मानिसलाई आवतजावतमा सुविधा भएको इन्जिनियर अजयकुमार यादवले बताउनुभयो।

हुलाकी राजमार्गको ग्रामीण बजारको बिस्तारले बसोबास पनि बढेको छ। सडक छेउमा घर बनाएर व्यापार व्यवसाय गर्ने, ठूलो सहरसम्म सहज पहुँच हुने, बालबच्चालाई राम्रो शिक्षा दिलाउन सकिने उद्देश्यले ग्रामीण बजार र बस्ती बिस्तार हुन थालेको खडक नगरपालिका ११ बनौलीका अहेव हरेकृष्णप्रसाद साहको कथन छ। आफूले हुलाकी सडक निर्माणको ठेक्का लागेको थाहा पाएकै बेला सडक छेउमा घर निर्माण गरी विभिन्न व्यवसाय सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो। सो स्थानमा उहाँले व्यवसाय सञ्चालन गरेदेखि एकपछि अर्को गरी पसलहरु थप्दै जाँदा अहिले एक दर्जन बढी पसलहरु सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो। उक्त स्थानमा साप्ताहिक बजार पनि लाग्ने गरेको छ।

यस सडक खण्डमा सिरहाको सिरहा, औरही, नवराजपुर, भगवानपुर, सप्तरीको राजविराज, डाक्नेश्वरी, शम्भुनाथ, बोदेबरसाइन, बलानबिहुल, राजगढ, बिष्णुपुरलगातका पालिकाको सीमासँग हुलाकी राजमार्ग जोडिएको छ। सडकको स्तरोन्नतीले नै सन्हैठा, गणेशपुर, कृष्णानगर, बरियारपट्टि, औरही, कजरा, नर्गा, भगवतिपुर, सोनवर्षा, गम्हरिया, भगवानपुर, चन्ही, सेहरा, बर्सांइन, जाजर, धाँती, बनौली, अर्नाहा, सतबेदहा, पथरगाडा, मलेकपुर, नहर, खुरहुरिया, जमुनी, खैरसाल, लगायत दुई दर्जन बढी ग्रामीण स्थानको चोकमा बजारले बाक्लो रुपम लिन थालेको सिरहाको सैन्हठाका नबिनकुमार यादवले बताउनुभयो।

सहरी बजारमा निर्भर रहेका ती स्थानका स्थानीयवासीहरुको सबै थोक आफ्नै बजारमामै पाउन थालेको श्यामकुमार यादवले बताउनुभयो। ग्रामीण बजारलाई स्थानीयवासीले चोक भन्ने गरिन्छ। उहाँले भन्नुभयो, "सस्तो या महँगो अति आवश्यक सबै कुरा चोकमै पाउँछौ। हतपत ठूलो बजार धाउँनु पर्दैन। स्थानीय कृषिजन्य उत्पादन ठूलो बजारको भन्दा यहाँ सस्तो र ताजा पाइन्छ।" ग्रामीण भेगमा रहेको बेरोजगार युवाहरुले गाउँकै चोकमा व्यवसायलाई जीवनशैलीमा उतारेर राम्रो आम्दानी गरिरहेका छन्। यसले बैदेशिक रोजगार, चोरी, डकैति तथा अपराधिक गतिविधिलाई निरुत्साहित गर्न मद्दत गरेको छ।

# अख्तियारमा नापी र मालपोतका उजुरी धेरै

काठमाडौं, ६ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेशगत रूपमा बागमती प्रदेशको सबैभन्दा बढी उजुरी पर्ने गरेको छ। आयोगले हिजो सार्वजनिक गरेको गएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार प्रदेशगत रूपमा सबैभन्दा बढी अर्थात् ११ हजार दुई सय ७७ वटा उजुरी दर्ता भएको उल्लेख छ। संघमा सात हजार छ सय २३, प्रदेशमा सात सय आठ, पालिकामा दुई हजार नौ सय ४६ उजुरी दर्ता भएका छन्। पालिकामा मधेश प्रदेशको सबैभन्दा बढी उजुरी परेको छ। प्रदेशका पालिकाको मात्रै सात हजार ७२ उजुरी दर्ता भएका छन्। देशभरका सात सय ५३ वटा पालिकाको कूल उजुरी १९ हजार नौ सय ३३ रहेका छन्। प्रदेशगत रूपमा १२ हजार चार सय ७५ उजुरी दर्ता भएका छन्।

संघीय मन्त्रालयगत आधारमा हेर्दा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित छ। मन्त्रालयसँग सम्बन्धित उजुरी १७ दशमलव १२ प्रतिशत छ। आयोगका अनुसार दुई हजार एक सय ३६ वटा उजुरी मन्त्रालय र मातहतका निकायको परेको छ। नापी तथा मालपोत कार्यालयमा भ्रष्टाचारजन्य गतिविधि बढी रहेको यसबाट अनुमान गर्न सकिन्छ। आयोगले भ्रष्टाचारजन्य कसुरमा एक सय ३५ र सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरमा दुई गरी कूल एक सय ३७ वटा मुद्दा विशेष अदालतमा दायर गरेको थियो।

आयोगले सात सय ५३ प्रतिवादी विरुद्ध कैद सजाय र जरिवानाको अतिरिक्त छ अर्ब एक करोड ८४ लाख ७२ हजारछ सय ९२ रुपैयाँ बराबरको बिगो मागदाबी गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# जनकपुरधाममा यात्रु सहायता कक्ष सञ्चालन, 'म जिम्मेवार चालक' अभियान शुभारम्भ

जनकपुरधाम, ६ असोज। चाडपर्वलाई लक्षित गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनकपुरधामसहित जिल्लाका विभिन्न स्थानमा यात्रु/नागरिक सहायता कक्ष सञ्चालनमा ल्याएको छ। रामानन्द चौक, मुजेलिया, ढल्केवर, लालगढलगायतका प्रमुख स्थानमा स्थापना गरिएको सहायता कक्षमार्फत यात्रुहरूलाई सहज र सुरक्षित आवागमनमा सहयोग पुग्ने विश्वास गरिएको छ। आइतबार जनकपुरधाममा आयोजित विशेष समारोहकाबिच सहायक प्रमुख




जिल्ला अधिकारी उमेश कुमार दाहाल, जिल्ला प्रहरी प्रमुख नरहरि रेग्मी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका प्रतिनिधि र नागरिक समाज लगायतको उपस्थितिमा 'म जिम्मेवार चालक' अभियान शुभारम्भ गरिएको हो। अभियानअन्तर्गत सवारीसाधनमा विशेष स्टिकर टाँस गरिएको छ। जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सूर्य बहादुर शाहीका अनुसार चाडपर्वमा बढ्ने यात्रु चापलाई लक्षित गर्दै ट्राफिक प्रहरीले जनतामुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ। गत भदौ २४ गतेको जेनजी पुस्ताको आन्दोलनका क्रममा कार्यालय, पोसाक तथा राशनसमेत नष्ट भएपनि ट्राफिक प्रहरी पुनः जनताको सेवामा सक्रिय भएको उनले बताए। उनका अनुसार चाडपर्वलाई व्यवस्थित र सुरक्षित बनाउन यातायात व्यवस्थापनमा हर सम्भव प्रयास जारी रहनेछ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)